## शर्तहरुः-

**प्रस्ताव पत्र खरिद गर्ने स्थानः-** दक्षिणकाली नगरपालिकाको कार्यालय,
**प्रस्ताव पत्रको सूचना प्रकासनः-** मिति २०८१/०७/१५ गते,
**प्रस्ताव पत्र खरिद गर्ने अन्तिम मिति र समयः-** मिति २०८१/०७/२९ गते दिनको १२ वजे भित्र,
**प्रस्ताव पत्र पेस गर्ने अन्तिम मिति र समयः-** मिति २०८१/०७/२९ गते दिनको १२ वजे भित्र,
**प्रस्ताव पत्र खोलिने मिति, स्थान र समयः-** मिति २०८१/०७/२९ गते, दिनको २ वजे, द.न.पा.को हलमा

**प्रस्ताव पत्रको अंकित मूल्यः-** प्रति विज्ञापन रु.१०००/-

**<u>प्रस्ताव पत्र दाताले निम्नानुसारका शर्तहरु पालना गरेको हुनुपर्नेछः-</u>**

प्रस्ताव पेस गर्ने प्रस्ताव पत्र दाताले **प्रस्ताव पत्रमा भाग लिनको लागी निम्नानुसारका कागजातको छाँयाप्रति** पेश गर्नुपर्नेछः-

- आ.व.२०७९/८० को कर चुक्ता प्रमाणपत्र/आ.व.२०८०/८१ को म्याद थप प्रमाण पत्र ।
- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा दर्ता/नवीकरण भएको हुनु पर्ने (**प्रयोगशालाको हकमा**) ।
- कम्पनी रजिष्टार कार्यालयको दर्ता तथा नविकरण समेत।
- PAN/VAT मा दर्ता भएको प्रमाणपत्र ।
- नेपाली नागरिकताको प्रमाणपत्र ।
- रु.१०००/- को आम्दानी रसिद ।
- प्रस्ताव पत्र दाताले शिलवन्दी खाममा प्रष्ट वुझिने गरि प्रस्ताव पत्र दाताको नाम, ठेगाना, मोवाइल नम्वर तथा इमेल ठेगाना पनि संलग्न गराउनुपर्नेछ ।
- नगरपालिकाबाट स्वीकृत स्पेसिफिकेशन अनुसारको प्रस्ताव मात्र स्वीकृत गरिनेछ ।
- प्रस्तावकको आ.व. २०७९/०८० को लेखापरिक्षण प्रतिवेदन ।
- प्रस्तावकले पेश गरेको प्रस्ताव र नगरपालिकासँग भएका शर्तहरु पालना नगरेमा नगरपालिकामा कालो सूचीमा राखी सम्बन्धीत निकायमा कानुन बमोजिम सिफारिस गरिने छ ।
- प्रस्ताव पत्रमा कबोल गरिएको अंक र अक्षरमा फरक पर्नु हुँदैन ।अंक फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ ।
- कालो सूचीमा नपरेको स्वःघोषणा ।

- सबै विषयको न्यूनतम शर्त पुरा नभएको प्रस्ताव अस्विकृत गरिने छ ।
- प्राविधिक जनशक्तिको न्यूनतम् शैक्षिक योग्यता चिकित्सा प्रयोगशाला टेक्नोलोजीमा स्नातक हुनु पर्नेछ । उल्लेखित दक्ष प्राविधिक जनशक्तिको पारिश्रमिक तथा सेवाका सर्त स्वयं प्रस्ताव पत्र दाताले व्यहोर्ने गरि सम्झौता गर्न तयार पारिएको प्रस्ताव पत्रलाई तथा जनशक्तिको माथिल्लो शैक्षिक योग्यता तथा अनुभवलाई छनौटको प्राथमिकतामा राखीनेछ ।
- कर्मचारीको उत्तर दायित्व नगर अस्पताल/नगरपालिका प्रति हुनु पर्नेछ ।
- कर्मचारीले आफ्नो जिम्मेवारी निर्वाह नगरेमा, अनुशासनहिन काम गरेमा वा नगरपालिकालाई उपयुक्त नलागेमा नगरपालिकाले अर्को कर्मचारी व्यवस्थापन गर्न लगाउन सक्ने र सो कुरा प्रस्तावदाताको अनिवार्य दायित्वमा पर्नेछ।
- प्रयोगशाला नमुना परिक्षणबाट संकलित रकमको ५५ प्रतिशत नगरपालिकालाई र ४५ प्रतिशत प्रस्तावकलाई हुने गरी पेश भएको प्रस्तावलाई मान्यता दिने ।
- आ.व २०८१/०८२ देखी २०८५/०८६ जम्मा ५ आ.ब. सम्म प्रयोगशाला केमिकल/ रि-एजेन्ट निःशुल्क उपलब्ध गराउने प्रस्ताव पत्रलाई स्वीकृत गरिनेछ ।
- प्रयोगशालाको शुल्क निर्धारण सरकारी अस्पतालको दररेट भन्दा बढी नहुने गरि नगरपालिकाले तोके बमोजिम हुनेछ ।
- कुनै नमुना परिक्षणको शुल्क नगरपालिकाले निःशुल्क कायम गर्न सक्नेछ ।
- सम्पुर्ण लागत सहभागिता व्यहोर्ने गरि प्रस्ताव पेश गर्ने प्रस्ताव पत्र दातालाई छौट गरिने छ (नगरपालिकाको शुन्य लागत सहभागिता भएको मात्र स्वीकार गरिने छ) ।
- शिलबन्दी प्रस्ताव पत्र (Sealed Proposal Letter) यस कार्यालयको कर्मचारी र प्रतिनिधिहरुको रोवहरमा खोलिनेछ तर प्रस्ताव पत्र दाताको प्रतिनिधि उपस्थित हुन नसकेको खण्डमा खोल्न बाधा पर्ने छैन ।
- यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानून वमोजिम हुनेछ र नगरपालिकाको निर्णयलाई नै अन्तिम मानिनेछ ।
- अन्य जानकारीको लागी यस नगरपालिकाको फोन नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र सम्पर्क गरि वुझ्न सकिनेछ ।